२०८१ सालको कार्यविधि नं. ५

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ | संख्याः ५ | मितिः२०८१।०२।१५

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**हेटौंडा उपमहानगरपालिका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को चौथो संशोधन कार्यविधि, २०८१**

**प्रस्तावनाः**

हेटौंडा उपमहानगरपालिका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को संशोधन गर्न वाञ्छनीय भएकोले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि संशोधन गरी जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस संशोधनको नाम "हेटौंडा उपमहानगरपालिका घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७५ को चौथो संशोधन कार्यविधि, २०८१" रहेको छ ।

हेटौंडा राजपत्र

**२. दफा २ को उपदफा ४ संशोधनः** दफा २ को उपदफा (४) उपदफा (२) बमोजिमको जाँचबुझ समितिको सिफारिससहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी/फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यालयको निर्णयबमोजिम उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतले इजाजतपत्र वापत अनुसूची-२ बमोजिमको दस्तुर लिई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

**आज्ञाले**
**रामबाबु पुरी**
**प्रमुख प्रशासकीय अधिकृत**

हेटौंडा राजपत्र